# India Ideas Summit मा प्रधानमन्त्री श्री नरेन्द्र मोदीको विशेष सम्बोधन

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज 'ईन्डिया आईडिया समिट' मा विशेष सम्बोधन गर्नुभयो । यस सम्मेलनलाई US-India Business Council (USIBC) ले आयोजना गरेको हो । यो वर्ष सम्मेलनको नारा 'असल भविष्य निर्माण' अर्थात 'Building a Better Future' रहेको छ ।

USIBC को ४५ औँ वार्षिकोत्सवको उपलक्ष्यमा शुभकामना दिँदै प्रधानमन्त्री मोदीले भारत-अमेरिका आर्थिक साझेदारीलाई अघि बढाउन USIBC को प्रतिबद्धता र नेतृत्वदायी भूमिकाका लागि धन्यवाद समेत दिनुभयो ।

## मजबुत आन्तरिक आर्थिक क्षमता मार्फत उत्थानशील विश्व अर्थतन्त्र

प्रधानमन्त्री मोदीले गरिब तथा कमजोर वर्गलाई आर्थिक एजेण्डाको केन्द्रमा राख्नुपर्ने आवश्यकताको चर्चा गर्नुभयो । उहाँले 'Ease of Living' 'Ease of Business' जत्तिकै महत्वपूर्ण रहेको कुरा उल्लेख गर्नुभयो । अहिलेको विश्वव्यापी महामारीले बाह्य प्रतिकुलताबाट विश्व अर्थतन्त्रलाई जोगाउन आन्तरिक आर्थिक क्षमता मजबुत हुनुपर्ने कुरा बताउनुभयो । साथै, 'आत्मनिर्भर भारत' को अवधारणा मार्फत बलियो र समृद्ध विश्व बनाउनेतर्फ भारतले योगदान गरेको कुरामा जोड दिनुभयो ।

## भारतले खुलापन, अवसर र विकल्प प्रदान गर्दछ

प्रधानमन्त्रीले भारतमा खुलापन, अवसर र विकल्प रहेकाले विश्व समुदाय भारतप्रति आशावादी रहेको कुरा बताउनुभयो । उहाँले गएको ६ वर्षमा भारतीय अर्थतन्त्रलाई अझ खुला र सुधारमुखी बनाउन विभिन्न प्रयासहरु भएको कुरा उल्लेख गर्दै अर्थतन्त्रमा भएको सुधारले प्रतिस्पर्धात्मक, पारदर्शिता, डिजिटाइजेसन, नवीनतम् प्रयास तथा नीतिगत स्थितरतालाई अझ मजबुत बनाएको चर्चा गर्नुभयो ।

पछिल्लो एक प्रतिवेदनको हवाला दिँदै प्रधानमन्त्रीले शहरको तुलनामा ग्रामीण क्षेत्रमा धेरै इन्टरनेट प्रयोगकर्ता रहेको तथ्य उल्लेख गर्नुभयो । भारत अवसरको भूमि रहेको चर्चा गर्दै उहाँले हाल भारतमा करिब आधा अर्ब सक्रिय ईन्टरनेट प्रयोगकर्ता रहेको र अन्य आधा अर्ब जनता इन्टरनेटसँग जोडिने क्रममा रहेको बताउनुभयो । उहाँले 5G, Big Data analytics, Quantum Computing, Block-chain and Internet of Things को क्षेत्रमा रहेका अवसरको पनि चर्चा गर्नुभयो ।

**विविध क्षेत्रहरुमा लगानी गर्न व्यापक अवसरहरु**

प्रधानमन्त्रीले भारतमा विभिन्न क्षेत्रहरुमा लगानी गर्ने अवसरहरु रहेको जानकारी गराउनु भयो । उहाँले कृषि क्षेत्रमा हालसालै गरिएका ऐतिहासिक सुधारहरुबारे चर्चा गर्दै एग्रिकल्चर इनपुट तथा मेसिनरी, एग्रिकल्चर सप्लाई चेन, खाद्य प्रसोधन क्षेत्र, मत्स्यपालन तथा जैविक उत्पादन लगायतका क्षेत्रहरुमा लगानी गर्ने व्यापक अवसरहरु रहेको पनि बताउनु भयो । भारतमा प्रत्येक वर्ष स्वास्थ्य सेवा क्षेत्रमा २२ प्रतिशत भन्दा बढीले प्रगति भइरहेको तथा मेडिकल टेक्नोलोजी, टेलि-मेडिसिन र डायग्नोस्टिकको उत्पादनमा भारतीय कम्पनीहरुले पाइरहेको सफलताबारे अवगत गराउँदै उहाँले भारतको स्वास्थ्य क्षेत्रमा लगानी विस्तार गर्नका लागि यो उत्तम समय रहेको बताउनु भयो ।

उर्जा क्षेत्र, पूर्वाधार क्षेत्र जस्तै भवन, सडक, राजमार्ग तथा बन्दरगाहको निर्माण, नागरिक उड्डयन क्षेत्र जसमा प्रमुख निजी भारतीय एयरलाइन्सले आउँदो दशकमा एक हजारभन्दा बढी नयाँ हवाइजहाजहरु समावेश गर्ने योजना रहेका छन् ,यस्ता अन्य थुप्रै लगानीका लागि पर्याप्त अवसरहरु प्रदान गर्ने क्षेत्रहरुको पनि प्रधानमन्त्रीले चर्चा गर्नुभयो । यसबाट कुनै पनि लगानीकर्ता जो मर्मत सम्भार एवम् सञ्चालन केन्द्रहरुमार्फत भारतमा उत्पादन केन्द्रहरु स्थापना गर्न चाहन्छन् उनीहरुका लागि ठूलो अवसर मिल्नेछ । उहाँले भारतले रक्षा क्षेत्रमा लगानीका लागि एफडीआई क्याप (FDI cap) ७४ प्रतिशतले बढाइरहेको उल्लेख गर्नुभयो । रक्षा उपकरण र प्लेटफर्मको उत्पादनलाई प्रोत्साहित गर्न दुई रक्षा कोरिडर स्थापना गर्नुका साथै निजी तथा विदेशी लगानीकर्ताहरुलाई विशेष प्रोत्साहन प्रस्ताव गरिएको प्रधानमन्त्रीले बताउनु भयो । उहाँले अन्तरिक्ष क्षेत्रमा भइरहेको अभूतपूर्व सुधारहरुबारे पनि बताउनु भयो ।

वित्त र बीमामा लगानी गर्न आमन्त्रित गर्दै प्रधानमन्त्रीले बीमामा लगानी गर्न भारतले एफडीआई क्याप ४९ प्रतिशतले बढाएको तथा इन्सुरेन्स इन्टरमेडियरिज लगानीका लागि १०० प्रतिशत एफडीआई अनुमति दिइएको जानकारी गराउनु भयो । उहाँले स्वास्थ्य, कृषि, व्यवसाय तथा जीवन बीमामा बीमालाई समेट्न थुप्रै अवसरहरु रहेको पनि बताउनु भयो ।

## भारतमा बढ्दो लगानी

प्रधानमन्त्री मोदीले विश्व बैंकको Ease of Doing Business मा भारतले गरेको प्रगतिको चर्चा गर्नुभयो ।  प्रत्येक वर्ष प्रत्यक्ष वैदेशिक लगानी एफडीआई मा भारतले गरेको प्रगतिको चर्चा गर्दै उहाँले २०१९-२०२० मा भारतमा वैदेशिक लगानी प्रवाह २० प्रतिशतले वृद्धि भई ७४ अर्ब डलर रहेको चर्चा गर्नुभयो ।  उहाँले महामारीको बेलामा पनि भारतले यस वर्ष अप्रिल र जुलाई बीचमा २० अर्ब डलरभन्दा बढी विदेशी लगानी भित्राउन सफल भएको बताउनुभयो ।

## भारतमा लगानी गर्न उत्तम समय

प्रधानमन्त्रीले भारतसँग विश्वव्यापी आर्थिक पुनरुत्थानका लागि चाहिने शक्ति रहेको बताउनुभयो । उहाँले  भारतको प्रगति भनेको विश्वसनीय राष्ट्रसँगको व्यापार अवसरमा वृद्धि, बढ्दो खुल्लापनका साथ विश्वव्यापी समायोजनमा वृद्धि, बजार पहुँचका साथ प्रतिस्पर्धाको वृद्धि र कुशल मानव संसाधन सहितको लगानी प्रतिफलको वृद्धि भएको बताउनुभयो । भारत र अमेरिका प्राकृतिक साझेदारका रूपमा रहेको कुरा उल्लेख गर्दै उहाँले यस साझेदारीले महामारीपछि विश्वलाई शीघ्र पहिलेको अवस्थामा ल्याउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । अमेरिकी लगानीकर्तालाई सम्बोधन गर्दै उहाँले भारतमा लगानी गर्न अहिले जस्तो उत्तम समय कहिल्यै नभएको बताउनुभयो ।

नयाँ दिल्ली

जुलाई २२, २०२०